# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रत्नैया, मकवानपुर

बागमती प्रदेश, नेपाल ।


प.सं.: २०८०/०८१ प्रशासन शाखा
च.नं. ११५६

मिति : २०८०/०९/०६

बिषय: निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री मनहरी गाउँपालिका,
शाखा/उपशाखा प्रमुखज्यूहरु,
वडा कार्यालय/वडा सचिवज्यूहरु,
मनहरी, मकवानपुर ।

प्रस्तुत विषयमा मिति २०८० पुस ४ गते बुधबार बसेको आ.व. २०८०/०८१ को नवौं गाउँ कार्यपालिका बैठकको निर्णय पाना थान १० (दश) यसैसाथ सम्लग्न छ । सो निर्णयानुसार तहाँसँग सम्बन्धित निर्णयहरु हेरी समयमै आवश्यक कार्यान्वयन गर्नु गराउनु हनु अनुरोध छ ।

..................................
(रमेश सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत

मनहरी गाउँपालिका

गाउँ कार्यपालिकाको बैठक

मिति २०८०/०९/०४ गते बैठक संख्या : २०८०/८१-०९ समय : विहान ८:०० बजे

अध्यक्षता : गाउँपालिका अध्यक्ष श्री रन्जन कालाखेती

स्थान : मनहरी गाउँपालिका ५ नं वडा कार्यालयको सभाहल ।

**उपस्थिति**

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राजकुमार पाख्रिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री युव राज थपलिया | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया वोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |

श्री रमेश सुवेदी प्रमुख प्रशासकीय अधिकृत

आमन्त्रित/बैठक सहयोगी

श्री राजेन्द्र भट्टराई वरिष्ठ लेखा अधिकृत

श्री अन्जना सुवेदी प्रशासन शाखा प्रमुख

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
...., मकवानपुर
बागमती प्रदेश, नेपाल

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

२०८० पौष ४ गते बसेको गाउँ कार्यपालिकाको नवौं बैठकको प्रस्तावका विषयहरु :

१. विगतको निर्णय समीक्षा सम्बन्धमा ।
२. स्वास्थ्य संस्था दर्ता अनुमती तथा नविकरण सम्बन्धि कार्यविधि ,२०८० र गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ संसोधन सम्बन्धमा ।
३. वैदेशिक रोजगार सम्बन्धी पार्श्वचित्र २०७९ सम्बन्धमा ।
४. राष्ट्रिय योजना आयोग पठाउने आयोजना छनौट सम्बन्धमा ।
५. खर्च अनुमोदन सम्बन्धमा ।
६. लोककल्याणकारी सूचना सम्बन्धमा ।
७. गाउँपालिका खेलकुद विकास समितिलाई प्रोत्साहन अनुदान उपलब्ध गराउने सम्बन्धमा ।
८. संगठन तथा व्यवस्थापन (O & M ) प्रतिवेदन तयार गर्ने सम्बन्धमा ।
९. विज्ञापन कर सम्बन्धमा ।
१०. आर्थिक सहायता/योजना माग भई आएको सम्बन्धमा ।
११. घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धमा ।
१२. विदा स्वीकृत तथा सिफारिस सम्बन्धमा ।
१३. कानून निर्माण सिफारिस समिति सम्बन्धमा ।
१४. निजि जग्गामा भौतिक पुर्वाधार निर्माण नगर्ने सम्बन्धमा ।
१५. नदिजन्य पदार्थ उत्खनन् सम्बन्धमा ।
१६. नगर प्रहरी तालिम खर्च सम्बन्धमा ।
१७. सभा सचिवालय गठन गर्ने सम्बन्धमा ।
१८. गरिब सँग विशेश्वर शैक्षिक सहायता कार्यक्रम सम्बन्धमा ।
१९. सडक बोर्ड योजना सम्बन्धमा ।
२०. कार्यदल गठन सम्बन्धमा ।
२१. उजुरी/ गुनासो छानविन तथा सिफारिस समिति गठन सम्बन्धमा ।
२२. आयोजना सम्भाव्यता अध्ययन प्रतिवेदन सम्बन्धमा ।
२३. वडा विपिद् योजना सम्बन्धमा ।
२४. ब्याक हो लोडर चालक अतिरिक्त भत्ता सम्बन्धमा ।
२५. सामाजिक परीक्षण र JESI अडिट सम्बन्धमा ।
२६. विभिन्न योजना तथा कार्यक्रमको शिर्षक परिवर्तन सम्बन्धमा ।
२७. मनहरी अस्पतालमा OPD सेवा विस्तार वापतको अतिरिक्त सेवा रकम भुक्तानी सम्बन्धमा ।
२८. बाखा पकेट विकास कार्यक्रम सम्बन्धमा ।
२९. कर संकलक सम्बन्धमा ।
३०. झोलुङ्गे पुललाई आवश्यक बजेट सम्बन्धमा ।
३१. असाध्य दिर्घकालिन रोगको उपचार खर्च सम्बन्धमा ।



... कालाखेती
अध्यक्ष

३२. प्राविधिक कर्मचारीको वैकल्पिक व्यवस्था सम्बन्धमा ।

३३. छानविन समितिको प्रतिवेदन सम्बन्धमा ।

३४. लगत संकलन म्याद थप सम्बन्धमा ।

**निर्णयहरु:**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा विगतमा गाउँ कार्यपालिकाबाट भएका अधिकांश निर्णयहरु कार्यान्वयन भईसकेको र केही निर्णय कार्यान्वयनको चरणमा रहेकोमा शीघ्र कार्यान्वयनको लागि सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गर्दै समीक्षा गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा स्वास्थ्य संस्था दर्ता अनुमती तथा नविकरण सम्बन्धि कार्यविधि २०८० स्वीकृत र मनहरी गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका २०७८ प्रथम संसोधन गरि राजपत्रमा प्रकाशनको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको वैदेशिक रोजगार सम्बन्ध पार्श्वचित्र २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०८१/८२ को लागि मनहरी गाउँपालिका भित्र सङ्घीय समपुरक अनुदान र विशेष अनुदान अन्तर्गत तपसिल बमोजिमको योजना संचालनको लागि राष्ट्रिय योजना आयोगलाई सिफारिस गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

समपुरक अनुदान तर्फ

१. लामिटार- चकरी सडक खण्ड
२. रुपाचुरी फरिवाङ सडक खण्ड
३. मदन भण्डारी क्षेत्रिय रङ्गशाला – मनहरी ७

विशेष अनुदान तर्फ

१. देवकोट खानेपानी योजना – मनहरी ८
२. विक्रमपर्ता खानेपानी योजना – मनहरी ३
३. हाँडीखोला गोगनपानी खानेपानी योजना – मनहरी १
४. रमौली सिंचाई- मनहरी ७

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा तपसिल बमोजिमको बिभिन्न मितिमा भएको भुक्तानी खर्च रकम अनुमोदन गर्ने निर्णय गरियो

तपसिल



रन्जन कालाखेती
अध्यक्ष

| सि.नं. | सहयोग उपलब्ध गराईएको संस्था | विवरण | शिर्षक | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रहरी चौकी पदमपोखरी | बिजया दशमीको अबसरमा मौलापुजा सहयोग | गा.पा.चालु बिविध खर्च | १६,०००। | |
| २ | ईलाका प्रहरी कार्यालय नेवारपानी | बिजया दशमीको अबसरमा मौला पुजाको लागि उपलब्ध गराईएको खसीको रकम | गा.पा.चालु बिविध खर्च | १५,०००। | |
| ३ | भीमफेदी कारागार | बिजयादशमीको अबसरमा भीमफेदी कारागारका कैदी बन्दीहरुलाई उपलब्ध गराईएको खसी चामल चिउराको रकम | गा.पा.चालु बिविध खर्च | ४४,७००। | |

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा लोककल्याणकारी सूचना स्थानीय पत्रपत्रिका तथा एफ.एम मा प्रकाशन तथा प्रसारणको लागि दिनुपर्दा न्युनतम रु १५००। देखि अधिकतम रु ५०००। र राष्ट्रिय पत्रपत्रिका, किताब वा पत्रिकामा अधिकतम रु १००००। सम्मको भुक्तानी दिने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको खेलकुद विकास कार्यविधि ,२०७९ बमोजिम गठित खेलकुद विकास समितिको निर्णयानुसार खेलकुद संचालन तथा व्यवस्थापन शिर्षकबाट प्रोत्साहन अनुदान बापत नगद रु १,००,०००। भुक्तानी दिने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा स्थानीय तहको सेवा गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७९ को दफा ५ को १ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३ बमोजिम संगठन संरचना वा दर्बन्दी सिर्जना तथा शाखागत र पदीय कार्यविवरण सहितको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी आगामी कार्यापालिका बैठकमा प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

१. प्रमुख प्रशासकीय अधिकृत – संयोजक
२. आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य
३. स्वास्थ्य शाखा प्रमुख – सदस्य
४. भौतिक पुर्वाधार शाखा प्रमुख – सदस्य
५. सूचना प्रविधि अधिकृत- सदस्य
६. प्रशासन शाखा प्रमुख – सदस्य सचिव



अध्यक्ष

मिरा सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

उक्त समितिले उक्त प्रतिवेदन तयार गर्न परामर्श सेवा वा विशेषज्ञ सेवा लिन सक्नेछ ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा विज्ञापन करको वार्षिक आय लागत अनुमान ८००००। गरियो । र सोहि अनुसार वार्षिक १०% बृद्धि हुनेगरी ३ वर्षको लागि ठेक्का सम्झौता गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा गाउँपालिकासँग तपसिल बमोजिमको विभिन्न निकाय/संघ/संस्था तथा व्यक्तिबाट विभिन्न प्रयोजनको लागि आर्थिक सहयोग तथा तत्काल नगरी नहुने योजना माग भई आएकोमा तपसिल बमोजिम शीर्षकबाट रकम उपलब्ध गराउने गरी आर्थिक सहायता/ योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र. सं. | नामथर/योजना | विवरण | शीर्षक | उपलब्ध गराउने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | च्यापल सिं तामाङ | हात्तिले घर क्षति बनाएको हुँदा घर पुनर्निमाण | विपद् व्यवस्थापन कोष | २००००। | |
| २. | सियो धागो सिलाई श्रम सहकारी मनहरी ९ | २ थान स्विटर बुन्ने मेसिन | मौज्दातबाट | सामान | हस्तान्तरण |
| ४. | प्रकाश राना प्रजा | ख्रिष्टिएन समाज अन्तर्क्रिया कार्यक्रम संचालनार्थ आर्थिक सहायता | पर्व प्रोत्साहन | ३००००। | |
| ७. | सोमलाल प्रजा मनहरी ७ | औषधी उपचार खर्च वापत आर्थिक सहायता | आर्थिक सहायता | २००००। | |
| ८. | टाँसि फुन्छोक छयोलिङ गुम्बा मनहरी ८ | टाँसि फुन्छोक छयोलिङ गुम्बामा बुद्धको स्तुपा निर्माण | जनतासँग अध्यक्ष विकास कार्यक्रम | ३०००००। | |
| ९. | त्रिनेत्रदल गण सुनाचुरी ब्यारेक | विपद् व्यवस्थापनको सामाग्री<br>१. सिमेन्टेड बेन्च – ८ थान<br>२. फोहोर फाल्ने डस्टबिन- ८ थान | विपद् व्यवस्थापन कोष | | हस्तान्तरण |
| १०. | श्री केशवलाल श्रेष्ठ स्मृति केन्द्रिय प्रतिष्ठान हेटौडा – ४ | राष्ट्रिय महिला तथा पुरुष भलिबल प्रतियोगितामा आर्थिक सहयोग | खेलकुद विकास समितिको निर्णय अनुसार खेलकुद | ६००००। | |



मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लोथर, मकवानपुर
बागमती प्रदेश, नेपाल

रञ्जन कोलाखेती
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | | संचालन तथा व्यवस्थापन | | |
| १२ | ट्राफिक कार्यालय मनहरी | प्रिन्टर सहयोग | | | हस्तान्तरण |
| १३ | ओम शान्ती आश्रम मनहरी ४ | ओम शान्ती आश्रम निर्माणमा नपुग रकम थप | | ५७०००। | |
| १४ | चितुवाखोल्सी देखि धर्मशाला बाटो ढलान मनहरी ६ | चितुवाखोल्सी देखि धर्मशाला बाटो ढलान मनहरी ६ | अन्य सार्वजनिक निर्माण/समपुरक | १००००००। | |

११.प्रस्ताव नं. ११ माथि छलफल गर्दा घ बर्गको निर्माण सम्बन्धी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ को दफा २ को उपदफा (१) मा व्यवस्था भए बमोजिम कार्यालयमा पर्न आएको निवेदन उपर सोही दफाको (२) बमोजिम गठित प्राविधिक समितिबाट समेत सिफारिस भई आएको हुँदा तपसिल बमोजिमको निर्माण व्यवसायी/फर्म/ कम्पनीलाई घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

| सि.नं. | फर्मको नाम | सञ्चालक | पान नं. | कैफियत |
|---|---|---|---|---|
| १. | चुरेमाई कन्स्ट्रक्शन एण्ड डिप ट्र्युवेल कम्पनी प्रा.लि. | कुल बहादुर रायमाझी | ६०६७२१६६२ | |

१२.प्रस्ताव नं. १२ माथि छलफल गर्दा मिति २०७९/०९/०१ देखि लागु हुने गरी असाधारण विदामा बस्नु भएको लेखा अधिकृत ( अधिकृत सातौँ) श्री संगिता अधिकारीले थप १ वर्ष विदाको लागि निवेदन पेश गर्नु भएको हुँदा स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६० बमोजिम मिति २०८०/०९/०१ गते बाट लागु हुने गरी २०८१ मंसिर मसान्त सम्म असाधारण विदा स्वीकृत गर्ने साथै पशु विकास अधिकृत ( अधिकृत सातौ) डा. सरोज खतिवडा The Ohio State of University USA अन्तर्गतको Department of Animal Science, Graduate Program मा Master of science (Animal Science) विषय अध्ययनको लागि मिति २०७९/०५/०७ देखि २०८१/०५/०६ सम्म २ वर्ष वेतलबी अध्ययन विदामा रहनु भएको र उक्त विषय अध्ययन समाप्तीको लागि थप १ वर्ष विदा आवश्यक भएको भनि निवेदन पेश गर्नु भएको हुँदा निजामती सेवा नियमावली २०५० को नियम ६१ को उपनियम २ बमोजिम वेतलबी अध्ययन विदा स्वीकृतीको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सिफारिस गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१३. प्रस्ताव नं. १३ माथि छलफल गर्दा कानूनको आवश्यकता पहिचान गर्न तथा बनेका कानूनको मस्यौदामा दफादार छलफल गरी कार्यपालिकाको बैठकमा सिफारिस गर्न तपसिल अनुसारको एक कानून सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।



मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

रंजन कालाखेती
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

१. श्री दिपेन्द्र अधिकारी – संयोजक
२. श्री सविता सुवेदी – सदस्य
३. श्री मिरा खत्री – सदस्य

१४. प्रस्ताव नं. १४ माथि छलफल गर्दा मनहरी गाउँपालिका भित्रका निजि जग्गामा सार्वजनिक प्रकृतिको भौतिक पुर्वाधार संरचना निर्माण नगर्ने निर्णय गरियो।

१५. प्रस्ताव नं. १५ माथि छलफल गर्दा नदिजन्य पदार्थ उत्खननबाट राजश्व बृद्धि गर्न तथा चोरी निकासी रोक्न पहल गर्न सम्बन्धित वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

१६. प्रस्ताव नं. १६ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको नगर प्रहरीहरुलाई आधारभुत तालिम संचालन गर्दा भएको खर्च विविध शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

१७. प्रस्ताव नं. १७ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको सभा सञ्चालन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपसिल बमोजिमको सभा सचिवालय गठन गर्ने र सभाको काममा सहयोग गर्न प्रमुख प्रशासकीय अधिकृतले आवश्यकता अनुसार थप कर्मचारी परिचालन गर्ने निर्णय गरियो। साथै सभा सचिवालयको सम्पर्क व्यक्ति प्रशासन शाखा प्रमुखलाई तोक्ने निर्णय गरियो।

तपसिल

१. प्रमुख प्रशासकीय अधिकृत
२. प्रशासन शाखा
३. आर्थिक प्रशासन शाखा
४. योजना शाखा
५. जिन्सी शाखा

१८. प्रस्ताव नं. १८ माथि छलफल गर्दा मनहरी गाउँपालिका क्षेत्र भित्र स्थायी बसोबास भई गरिवको कारणले आफ्नो अध्ययन पुरा गर्न कठिनाई भोगि रहेका छात्राछात्रहरुलाई आफ्नो अध्ययन पुरा गराउन सहयोग गर्न सम्बन्धित वडा कार्यालयहरुबाट सिफारिस भई आएकोले तपशिलका शैक्षिक संस्थामा अध्ययनरत छात्राछात्रहरुलाई निम्न बमोजिमको रकम विपन्न बालबालिका गरिब सँग विशेश्वर शैक्षिक सहायता कोष बाट शैक्षिक सहायता स्वरुप उपलब्ध गराउने निर्णय गरियो। साथै छात्रावृत्ति वापतको रकम विद्यालय वा क्याम्पससँग सम्झौता गरि विद्यालयको खातामा पठाउने निर्णय गरियो।

| निर्मल उच्च माध्यमिक विद्यालय, हेटौंडा-१९, मकवानपुर | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | अध्ययन गर्ने व्यक्तिको नाम | स्थायी ठेगाना | बुवाको नाम | सिफारिस गरिएको तह | सिफारिसप्राप्त वडा नं. | रकम रु. | कैफियत |



मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

रञ्जन कालाखेती
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | निरा गोले | मनहरी-०४ | काजिमान गोले | कक्षा ११ | ४ | ७२०० | |
| २ | सुस्मिता जिम्बा | मनहरी-०४ | रामलाल जिम्बा | कक्षा ११ | ४ | ७२०० | |
| ३ | विनोद ठकुरी | मनहरी-०५ | सिताराम शाहि ठकुरी | कक्षा ११ | ५ | ७२०० | |
| ४ | प्रिस्किला पाखिन | मनहरी-०५ | हिरालाल लामा पाखिन | तिनवर्षे कृषि दोश्रो सेमेस्टर | ५ | ६००० | |
| ५ | रन्जुला लामिछाने | मनहरी — ०५ | हस्त बहादुर लामिछाने | कक्षा ११ | ५ | १२००० | आर्थिक अवस्थ कमजो भएको कारण थ |
| | जम्मा | | | | | ३९६०० | |

बाल जिवन ज्योती माध्यमिक विद्यालय, मनहरी-०१, मकरी

| क्र.सं. | अध्ययन गर्ने व्यक्तिको नाम | स्थायी ठेगाना | बुवाको नाम | सिफारिस गरिएको तह | सिफारिसप्राप्त वडा नं. | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | अमृत अभिनय उपाध्याय | मनहरी-०१ | प्रेमनाथ उपाध्याय | कक्षा ११ | १ | ७२०० | |
| | जम्मा | | | | | ७२०० | |

मकवानपुर टेक्निकल ईन्स्टच्युट,हेटौंडा, मकवानपुर

| क्र.सं. | अध्ययन गर्ने व्यक्तिको नाम | स्थायी ठेगाना | बुवाको नाम | सिफारिस गरिएको तह | सिफारिसप्राप्त वडा नं. | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | मालती थिङ | मनहरी-०४ | मान बहादुर थिङ | तिनवर्षे एच.ए | ४ | १२००० | |
| | जम्मा | | | | | १२००० | |

मकवानपुर बहूमुखी क्याम्पस, हेटौंडा-०२, मकवानपुर

| क्र.सं. | अध्ययन गर्ने व्यक्तिको नाम | स्थायी ठेगाना | अभिभावकको नाम | सिफारिस गरिएको तह | सिफारिसप्राप्त वडा नं. | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | रोमिसा मल्ल | मनहरी-०३ | रामचन्द्र मल्ल | स्नातक पहिलो बर्ष | ३ | ९६०० | |
| १ | खुशि कार्की | मनहरी-०४ | सविना कार्की | कक्षा ११ | ४ | ७२०० | |
| | जम्मा | | | | | १६८०० | |

१९. प्रस्ताव नं. १९ माथि छलफल गर्दा सडक बोर्ड नेपालले मिति २०८०/०८/०१ गतेको पत्र मार्फत आ.व. २०८०/८१ को बजेट स्वीकृतको लागी पत्राचार भएको हुँदा तपसिल बमोजिमको योजना समपुरक अनुदान तर्फ संचालन गर्ने गरी छनोट गरी आवश्यक प्रकृया अघि बढाउन गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो।

१. वडा नं. २ र ३ जोड्ने कामीडाँडा बाटो मर्मत – मनहरी ३



मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

२०.प्रस्ताव नं. २० माथि छलफल ढुङ्गा गिट्टी बालुवा विक्रि तथा व्यवस्थापन गर्न, उत्खनन् क्षेत्र तोक्न तथा नियन्त्रणको लागि तपसिल बमोजिमको ७ सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. सिता पुलामी मगर – संयोजक
२. राजकुमार श्रेष्ठ – सदस्य
३. युवराज थपलिया – सदस्य
४. ठाकुराम तितुङ – सदस्य
५. नारायण उप्रेती- सदस्य
६. वन तथा वातावरण शाखा प्रमुख- सदस्य
७. राजश्व शाखा प्रमुख – सदस्य सचिव

२१.प्रस्ताव नं. २१ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको नाममा (व्यक्तिगत बाहेक) प्राप्त हुने उजुरी तथा गुनासो छानविनको लागि आवश्यकता भएमा तपसिल बमोजिमको ४ सदस्यीय छानविन सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

१. शिव प्रसाद खनाल – संयोजक
२. राजकुमार पाख्रिन – सदस्य
३. दिपेन्द्र अधिकारी – सदस्य
४. सम्बन्धित शाखा प्रमुख – सदस्य सचिव

२२.प्रस्ताव नं. २२ माथि छलफल गर्दा मनहरी गाउँपालिका भित्र बाटोको नयाँ ट्रयाक खोल्ने / बाटो विस्तार गर्ने आयोजनाको लागि फिल्ड सर्वेक्षण/सम्भाव्यता अध्ययन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

२३.प्रस्ताव नं. २३ माथि छलफल गर्दा वडा स्तरीय विपद् योजनाको लागि तपसिल बमोजिमको रकम विपद् व्यवस्थापन कोषबाट भुक्तानी हुने गरी विनियोजन गर्ने तथा भुक्तानी दिने निर्णय गरियो ।

| वडा नं. | विनियोजित रकम | कैफियत |
|---|---|---|
| १ | २,००,०००। | |
| २ | २,००,०००। | |
| ३ | ३,००,०००। | |
| ४ | २,००,०००। | |
| ५ | २,००,०००। | |
| ६ | ३,००,०००। | |
| ७ | २,००,०००। | |



मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

रञ्जन कोलाखेती
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ८ | २,००,०००। | |
| ९ | २,००,०००। | |

२४. प्रस्ताव नं. २४ माथि छलफल गर्दा मनहरी गाउँपालिकामा ब्याक हो लोडर चालकको पदमा कार्यरत प्रबिन कुमार ब्लोनले विभिन्न वडाहरुमा अतिरिक्त समय काम गरे बापत लग सिट प्रमाणित बमोजिम प्रति घण्टा १०० का दरले मिति २०८०/०४/०१ देखि २०८१ असार मसान्तसम्मको रकम भत्ता स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

२५. प्रस्ताव नं. २५ माथि छलफल गर्दा आ.व. २०७९/८० को सामाजिक परीक्षण र GESI Audit प्रकृया अघि बढाउने निर्णय गरियो।

२६. प्रस्ताव नं. २६ माथि छलफल गर्दा आ.व. ०८०/०८१ को स्वीकृत वडास्तरीय योजना तथा गाउँपालिका स्तरीय विभिन्न कार्यक्रम विविध कारणले कार्यान्वयन तथा सञ्चालन गर्न कठिनाई रहेको व्यहोरा सहित वडा कार्यालयको सिफारिस प्राप्त हुन आएको हुँदा तपसिल बमोजिमको योजनाहरु तपसिल बमोजिम कार्यान्वयन तथा संचालन गर्ने निर्णय गरीयो।

| क्र.सं. | साविक योजनाको नाम | विनियोजित रकम रु. | क्र.सं. | संशोधित योजनाको नाम | संशोधित रकम रु. | कैफियतत |
|---|---|---|---|---|---|---|
| १. | रमौली माने डाँडा जाने पुल मर्मत मनहरी ७ | २,००,०००। | १. | रमन्टार खोल्चा कल्भर्ट निर्माण मनहरी ७ | २,००,०००। | |
| २. | च्यानघर (देवकोट) मनहरी ८ | ३०००००। | २. | भुतवाङ लिफ्ट सिंचाई मर्मत मनहरी ८ | ३०००००। | |
| ३. | वाङनाम टोल बाटो स्ल्याब ढलान मनहरी ७ | ७२५००० | ३. | वाङनाम टोल र सिन्धुली टोल वाल तथा स्ल्याब ढलान मनहरी ७ | ७२५०००। | |
| ४. | महिलाहरुलाई सिपमुलक कार्यक्रम | ३,००,०००। | ४. | महिलाहरुको लागि गार्मेन्ट तालिम संचालन | ६५००००। | |
| ५. | महिलाहरुलाई व्यवसायिक सहयोग कार्यक्रम | ३,००,०००। | | | | |
| ६. | महिलालाई कार्यबोझ घटाउने कार्यक्रम | ५००००। | | | | |
| ७. | प्रेष्टवेरियन चर्च ईन नेपाल मनहरी ५ | ३०००००। | ५. | वडा कार्यालय देखि थापा टोल जानेबाटो स्तरीकरण मनहरी ५ | ३०००००। | |
| जम्मा | | २१७५०००। | | | २१७५०००। | |

२७. प्रस्ताव नं. २७ माथि छलफल गर्दा मनहरी अस्पतालको OPD सेवा विस्तारको लागि अतिरिक्त सेवा सञ्चालनको लागि खटिएका जनशक्तिहरुलाई तलबको २५% ले हुन आउने रकम अतिरिक्त सेवा भत्ता स्वरुप आ.व. २०८०/८१



मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लौका, मकवानपुर
बागमती प्रदेश, नेपाल

रञ्जन कालाखेती
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

को श्रावण देखि उपलब्ध गराउने र खाजा वापत प्रति व्यक्ति रु ७५। का दरले मनहरी अस्पतालको खातामा उपलब्ध गराउने निर्णय गरियो।

२८. प्रस्ताव नं. २८ माथी छलफल गर्दा आ.व. २०७९/८० मा स्थापना भएको बाख्रा पकेट विकास कार्यक्रम वडा नं. ४ मा संचालन गर्ने निर्णय गरियो।

२९. प्रस्ताव नं. २९ माथि छलफल गर्दा साविकमा भएको निर्णय बमोजिम अमानतमा ढुङ्गा गिट्टिको कर संकलन कार्य कर संकलकहरु मार्फत लोथर तथा रजैया नाकाबाट भईरहेकोमा तपसिल बमोजिमको कर संकलकहरुलाई कर संकलन कार्यमा खटाउनको लागि सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको हुँदा तपसिल बमोजिमको दुई जना कर संकलकहरुलाई अर्को व्यवस्था नहुन्जेलसम्म मिति २०८०/०९/०५ गतेबाट लागु हुने गरि कर संकलन केन्द्रमा कामकाजमा लगाउने निर्णय गरियो।

| क्र.सं. | साविकको कर संकलक | खटाईएको कर संकलक | कैफियत |
|---|---|---|---|
| १ | इन्द्र प्रसाद ब्लोन | राजकुमार लामा | |
| २ | सुजन घलान | कविराज घिमिरे | |

३०. प्रस्ताव नं. ३० माथि छलफल गर्दा वडा नं १ को गोगनपानी स्कुलडाँडा जोड्ने झोलुङ्गे पुल र ६ नं वडाको रुपाचुरीयाफेदी पाङथलि झोलुङ्गे पुल अति आवश्यक रहेको तर शसर्त बजेट रु १०,००,०००। मात्र प्राप्त भएकोले उक्त दुवै पुल सम्पन्न गर्न लाग्ने रकम १३६०००००। (एक करोड छत्तिस लाख) रकम उपलब्ध गराउन झोलुङ्गे पुल आयोजना तथा सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो।

३१. प्रस्ताव नं. ३१ माथि छलफल गर्दा असाध्य रोग लागेका संघीय सरकारको निर्णय बमोजिम दिर्घरोगीले पाउने प्रतिव्यक्ति रु ५०००। (पाँच हजार ) उपचार खर्च रकम निकासा प्राप्त नहुँदा सम्म गाउँपालिकाको मनहरी अस्पताल शिर्षक नं. २१ बाट भुक्तानी दिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

३२. प्रस्ताव नं. ३२ माथि छलफल गर्दा वडा नं. ६ मा असिष्टेन्ट सब ईन्जिनियर पद रिक्त रहेकोले तत्काल स्थायी पदपूर्ति हुन नसक्ने तर वडामा कामको चाप बढि रहेकोले प्रदेश लोकसेवा आयोगबाट स्थायी पदपुर्ति भई नआउँदा सम्म वा अर्को व्यवस्था नभए सम्म दैनिक ज्यालादारीमा तत्काल करार सम्झौता गरी नियुक्ति गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

३३. प्रस्ताव नं. ३३ माथि छलफल गर्दा मिति २०८०/०६/०९ को निर्णय बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको उजुरीको सम्बन्धमा गठित छानविन तथा सिफारिस समितिको प्रतिवेदनका सुझावहरु कार्यान्वयन गर्ने निर्णय गरियो।

३४. प्रस्ताव नं. ३४ माथि छलफल गर्दा भुमिहन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत संकलन कार्यमा छुट भएको गुनासो प्राप्त भएकोले समय थप गरी सूचना प्रकाशन गरिदिनको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

उपरोक्त प्रस्तावहरु उपर सर्वसम्मत निर्णय गरियो।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

रञ्जन कालाखेती
अध्यक्ष